# श्री सर्वोच्च अदालतमा चढाएको
## निवेदन-पत्र

**विषय: नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२, १०७ (२) र स.अ.नियमावली २०४९ को नियम ४१ बमोजिम उत्प्रेषण परमादेश लगायत जो चाहिने अन्य उपयुक्त आज्ञा आदेश वा पूर्जी जारी गरी पाउँ ।**

ल. पु. जिल्ला ललितपुर उप न.पा वडा नं १२ बस्ने वर्ष २८ को सामुदायिक सशक्तिकरण तथा सामाजिक न्याय फाउन्डेशन संस्था (CEMSOJ) का अध्यक्ष श्री प्रविन्द्र शाक्य.........१
को वारिस र आफ्नो हकमा समेत काठमाडौँ जिल्ला का.म.न.पा वडा नं ४ बस्ने वर्ष २६ की सामुदायिक सशक्तिकरण तथा सामाजिक न्याय फाउन्डेशन संस्था (CEMSOJ) का सचिव श्री रिता शेर्पा........................................................................१

**रिट निवेदक**

**विरुद्ध**

प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं...............................१
वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरबार, काठमाडौं................................................१
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं..........................१
विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं..................................१
कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं.........१
कृषि विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं.......................................................१
सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौं...................................१
सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरबार, काठमाडौं................................................१
उर्जा मन्त्रालय, सिंहदरवार, काठमाडौं.................................................................१
सिंचाई मन्त्रालय, सिंहदरवार, काठमाडौं.............................................................१
अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौं.................................................................१
भूमि सुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरवार, काठमाडौं.......................................१
संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय, सिंहदरवार, काठमाडौं......................१
उद्योग मन्त्रालय, सिंहदरवार, काठमाडौं...............................................................१
राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं.......................................................१
वन विभाग, बबरमहल, काठमाडौं.......................................................................१
वन अनुसन्धान तथा सर्वेक्षण विभाग, बबरमहल ,काठमाडौं.......................................१
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल ,काठमाडौं.........................१
रेड कार्यान्वयन केन्द्र, बबरमहल ,काठमाडौं ....................................................१

**प्रत्यर्थी**

मुद्दाः- **उत्प्रेषण युक्त परमादेश समेत ।**

हामी निवेदक नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२, १०७(२) र सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४०(१) अनुसार निवेदन दस्तुर वापत रु. ५००।- तिरेको रसिद यसै साथ राखी निम्नानुसार निवेदन गर्दछौं ।

१. हामी रिट निवेदक संवैधानिक सर्वोच्चता, विधिको शासन र मानवअधिकारको पक्षमा रही काम गर्दै आएको सचेत नेपाली नागरिक हौं । सामुदायिक सशक्तिकरण तथा सामाजिक न्याय फाउन्डेशन संस्था (CEMSOJ) नेपालका महिला, आदिवासी जनजाति, दलित, मधेसी तथा ग्रामीण भेगका जनता र सहरी गरिबलगायतका सिमान्तीकृत समुदायको आर्थिक-सामाजिक सशक्तिकरण र मानव अधिकारको लागि काम गर्दै आएको संस्था हो । नेपालको संविधान र ऐन कानूनको परिपालना गर्ने गराउने दायित्व बोध गरी सम्मानित सर्वोच्च अदालत समक्ष यस निवेदनलाई सार्वजनिक सरोकारको विषयमा समस्त मानव जिवनको रक्षार्थ न्याय र सभ्य समाज निर्माणार्थ विपक्षीहरुको अनुचित, अलोकतान्त्रिक, गैह्रन्यायिक र गैह्रसंवैधानिक कार्यलाई शुरु देखि नै बदर गराई पाउन यो रिट निवेदन लिई उपस्थित भएका छौं ।

२. यस सन्दर्भमा मानव चाप र विकासको नाममा अपनाईएको औद्योगिकरण र यसबाट सिर्जीत प्रदुषणको बृद्धिसँगै प्राकृतिकरुपमा चल्दै आएको वायुमण्डलीय चक्र असन्तुलन हुन पुगेको छ जसलाई जलवायु परिवर्तन (Climate Change) भनेर बुझिन्छ । यसले पृथ्वीको तापक्रममा बृद्धि र हावापानीमा अप्राकृतिक परिवर्तन गराएको तथ्य वैज्ञानिक अध्ययनबाट पुष्टि भएको छ । विगतको तुलनामा केही वर्षयता हिमालमा हिउँ घेरै पग्लेको ठाउँहरुमा पातलो हिउँ पर्ने वा कालो भाग देखा पर्ने तथा हिमतालमा पानी बढेर फुटुने, हिमाली क्षेत्रका तल्लो भागमा गर्मी बढेर लामखुट्टे लाग्ने, बैमौसममा स्याउ, काफल, सुन्तला मकै फुल्ने पाक्ने तर दाना नलाग्ने गरेको अवस्था पनि देखिन थालेको छ । त्यस्तै बेमौसममा दर्के पानी परेर बाढी-पहिरो आउने साथै अनावृष्टि, अतिवृष्टि र खण्डवृष्टिले गर्दा बाली, नालि तथा उत्पादन आदिमा क्षति हुने तथा केही वनस्पतिहरुको वासस्थान समेतको परिवर्तनका कारण जीवजन्तु, चरा, किरा फट्याङग्राहरुको बासस्थान र खानाचक्रमा समेत असर पारेको देखिन्छ । यसरी मौसमको स्वरुपमै परिवर्तन देखा पर्नुलाई नै वैज्ञानिकहरुले जलवायु परिवर्तन भनेका छन् ।

जलवायु परिवर्तनका मुख्य कारण भू-तापमानको बृद्धि (Global Warming) हुनु हो । वायुमण्डलमा बढिरहेको हरित गृह (Green House) ग्याँस हो र हरित गृह ग्याँसमा सवैभन्दा असर पार्ने कार्वन डाइअक्साइड (Carbon Dioxide) हो । साथै मिथेन ( Methane), नाईट्रस अक्साईड (Nitrous Oxide) जस्ता ग्याँसहरुले भूतापमानमा बृद्धि गर्ने बैज्ञानिकहरु बताउँछन् । कलकारखाना, यातायात तथा अन्य कार्यहरुका लागि खनिज इन्धन (पेट्रोलियम, ग्याँस तथा कोइला) को प्रयोगबाट कार्वन डाइअक्साइड ग्याँसको बढी मात्रामा उत्सर्जन हुन्छ । इन्धन र कलकारखाना हरित गृह ग्याँस

उत्सर्जन गर्ने प्रमुख क्षेत्रहरु हुन्, तिनको कुल उत्सर्जनमा करिब २६ र २० प्रतिशत योगदान रहेको छ ।

हरितगृह ग्याँसहरुले सुरुमा सूर्यबाट आएको प्रकाशलाई पृथ्वीसम्म छिर्न दिएपनि त्यससँगै आएका विभिन्न किसिमका विकिरणहरुलाई रोकेर फिर्ता पठाउँछ । अनि पृथ्वीमा आइपुगेका प्रकाशबाट फर्कन लागेको तापलाई रोकेर पृथ्वीलाई जीवन दिने न्यानो बनाइराख्न मद्दत गर्दछ । तर, हरितगृह ग्याँसको तह बाक्लो हुँदै गएपछि त्यसले आवश्यकता भन्दा धेरै ताप रोकेर भूतापमानको बृद्धि भएको हो । यसैको प्रतिफल स्वरुप जलवायु परिवर्तनका प्रभावहरु देखा पर्न थालेका हुन् ।

जलवायु परिवर्तनका विभिन्न असरहरु र यसका कारणहरुलाई न्यूनिकरण गर्नका लागि निष्प्रभाविकरण एवं अनुकुलनका कार्यक्रमहरु तर्जुमा भई रहेको छ । जलवायु परिवर्तनमा वनको फडानी र वन विनासका कारण उत्सर्जन हुने कार्वन डाइअक्साइडको योगदान करिब १७ देखि २० प्रतिशत रहेको छ । त्यसैले जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका उपायहरुमध्ये हाल विकासशील देशहरुमा वन फडानी र वन विनासबाट हुने कार्वन उत्सर्जनको कटौती (Reducing Emissions from Deforestation and Forest Degradation) लाई पनि लिन थालिएको छ । यसलाई छोटकरीमा रेड (REDD) भनिन्छ । यसरी रेड अवधारणामा थप परिमार्जन गर्दै वनको प्रभावकारी संरक्षण, दिगो व्यवस्थापन र जन सम्बर्द्धनका उपायहरुलाई समेत समेटेर पछिल्लो समयमा यसलाई रेडप्लस (REDD+) भन्न थालिएको छ ।

विकसित वा धनी देशहरुमा अत्यधिक हुने इन्धन खपत र त्यहाँ रहेका कलकारखाना वा ती देशका बहुराष्ट्रिय कम्पनीहरुले गर्ने इन्धन उत्खनन र खपतको साथै तिनले संसार भरि स्थापना गरेका कलकारखानाहरु नै हरित गृह ग्याँस उत्सर्जन हुने प्रमुख कारण हुन् । त्यस्तो उत्सर्जनका श्रोतको सम्बोधन गर्नु अर्थात् इन्धन उत्खनन र खपत कम गर्नु वा कलकारखाना वातावरण मैत्री बनाउनुको सट्टा त्यसबाट सिर्जित भूतापमानको बृद्धि र यसको परिणामस्वरुप भइरहेको जलवायु परिवर्तनका प्रभावहरुलाई न्यूनीकरण गर्न विकासशील वा गरिब देशका वन तथा अन्य भूमि र त्यहाँको श्रोत उपयोग गर्ने अवधारणाको रुपमा पनि रेड/रेडप्लससलाई बुझ्न सकिन्छ । यस अवधारणाको कार्यान्वयनको लागि संयुक्त राष्ट्रसंघ, विश्व बैंकलगायतका अन्तर्राष्ट्रिय संस्थाहरु र इन्धन उत्खननमा संलग्न शेल आयल (Shell Oil) कम्पनीजस्ता विभिन्न बहुराष्ट्रिय कम्पनी तथा विकसित देशले विकासशील देशलाई प्रदान गर्नुपर्ने सहयोगबापत्को वित्तिय लगानी तथा प्राविधिक श्रोतसाधनको प्रयोग गरिएको छ ।

३. रेड/रेडप्लस अवधारणा अन्तर्गत विकासशील देशहरुले विभिन्न तयारीका कार्यक्रमहरु तर्जुमा तथा केही देशहरुले कार्यान्वयन समेत गरिराखेका छन् । रेडप्लस र यस अन्तर्गतको कार्वन भुक्तानी (carbon credits) तथा निर्यातमूलक बाली उत्पादनका परियोजनाहरुले गर्दा अफ्रिकामा बृहद् वन तथा भूमि अतिक्रमण भइरहेको छ । कार्वन व्यापार गर्ने कम्पनीहरुले कार्वन भुक्तानीको लागि मोजाम्बिकको एक तिहाइ भन्दा बढी भूभागमा अधिकारको लागि आवेदन दिएका

छन् । क्यामरुनका ४० प्रतिशतभन्दा बढी वन रेड अवधारणाका परियोजनाहरुको लागि पर्न सक्ने अनुमान गरिएको छ भने लाइबेरियाको २० प्रतिशत वन एक अर्बौको कार्वन व्यापार जालसाजी गरी झन्डै अतिक्रमण गरिएको थियो ।

त्यस्तै केन्याको माउ (Mau) वनमा संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम (United Nations Environment Programme UNEP) को आर्थिक सहयोगमा रेडप्लस परियोजना कार्यान्वयन गर्ने क्रममा ओगिक (Ogiek) जातिका मानिसहरुलाई जवर्जस्ती तिनले भोगचलन गरिआएको वन र भूमिबाट हटाइएको छ भने त्यसको विरोध गर्दा त्यस जातिका अधिकारकर्मीहरुलाई आक्रमण गरिएको छ । एमनेस्टी इन्टरनेशनल र अन्य मानव अधिकारवादी संस्थाहरुको विरोधको बावजुद ती कार्य भएको थियो । सन् २०१३ मार्चमा African Court on Human and Peoples' Rights (ACHPR) ले यस मुद्दामा सुनुवाइ गर्दै ओगिक समुदायलाई जवर्जस्ती निकाल्न नपाउने सुनिश्चित गर्न प्रबन्धात्मक आदेश जारी गरेको छ ।

केन्याकै एम्बोबट (Embobut) वनमा विश्व बैंकको सहयोगमा कार्यान्वयन गरिएको रेडप्लस परिआयोजना अन्तर्गत वन संरक्षणको लागि निकुञ्ज स्थापना गर्ने क्रममा सदियौँ देखि त्यस वनमा रहेका १५ हजार जनसंख्या भएका आदिवासी सेंग्वेर (Sengwer) लाई बलपूर्वक निकाल्न हजारभन्दा बढी घरमा आगजनी गरिएको थियो । प्रादेशिक तथा राष्ट्रिय उच्च अदालतका आदेश बावजुद केन्याको वनजंगल सेवा र प्रहरी प्रशासन दुवैले वनमा बस्ने समुदायलाई विस्थापित गर्ने कार्य निरन्तर राखेका छन् ।

यस्तै बेलायतमा स्थापित New Forests Companyले कार्वन भुक्तानीको अवधारणा अनुरुप अफ्रिकी देशहरुमा रुख रोपेर वन स्थापना गर्ने र ती रुखबाट शोषिने कार्वन डाइअक्साइड बापत्को भुक्तानी विदेशका प्रदुषकहरुबाट लिने गर्दछ । युगान्डाको मुबेन्दे र किबोगा जिल्लामा सो कम्पनीको रुख रोप्ने र काठ बेच्ने परियोजनाको लागि जग्गा लालपूर्जा भएका २२ हजार भन्दा बढी किसानलाई बलपूर्वक हिंसात्मकरुपमा तिनको जग्गाबाट विस्थापित गरिएको थियो । त्यस क्रममा सशस्त्र सैनिक परिचालन गरिएको र एक ८ बर्षीय बालकलाई घरसँगै जलाइएको थियो । जग्गाबाट निकालिए पछि केही किसानहरु त्यही जग्गामा वन तथा कमानका पियन भएका छन् र तिनीहरुलाई पनि भने जति तलब नदिइएको ती गाउँलेहरुले वर्णन गरेका छन् । New Forests Company मा २० प्रतिशत स्वामित्व HSBC बैंकको रहेको छ भने त्यस कम्पनीको उपरोक्त आयोजनामा विश्व बैंकको पनि लगानी छ ।

यसरी विश्व बैंक समेतको संलग्नतामा संयुक्त राष्ट्रसंघीय कार्वन व्यापार आयोजना (UN carbon offset scheme) अन्तर्गत रेडप्लसको अवधारणा अनुसार सन् २००० र २०१० को बीचमा अफ्रिकामा मात्र नभई एसिया, दक्षिण अमेरिका र क्यारिवियनका करिब ५० करोड ऐकर (acres) भूमि विदेशी सरकार वा बहुराष्ट्रिय संस्थानहरुको पक्षबाट अधिग्रहण वा सम्झौता गरिएको छ । यसले गर्दा विश्वको कृषियोग्य भूमि र वनको स्वामित्व शक्तिशाली लगानीकर्ता तथा संस्थानहरुमा एकत्रित हुने क्रम द्रुतरुपमा बढिरहेको छ । त्यस्ता सम्झौताहरुमा प्राय धनी विकसित देशहरुमा निर्यात

गर्ने उद्देश्यले निर्यातजन्य बाली वा जैविक इन्धन उत्पादन गर्ने गरिन्छ जसबाट जैविक विविधता मासिने हुन्छ र परिणामस्वरुप आदिवासी जनजाति लगायत वनमा आश्रित समुदाय तथा साना किसानहरु तिनका भूमिबाट विस्थापित भएका छन् र तिनले आफ्नो आयश्रोत गुमाएका छन् ।

अफ्रिकी मुलुक नाइजेरियाको नाइजर नदीको डेल्टामा कृषि र माछापालन गरी जीविकोपार्जन गर्दै आएका ७ लाख भन्दा बढी जनसंख्या भएका ओगोनी (Ogoni) आदिवासी जातिलाई त्यस डेल्टामा पेट्रोलियम पदार्थ उत्खनन गर्दा नदीमा तेल पोखाएर त्यस जातिको जातिसंहार गरेको घटनाबाट कुख्यात शेल आयल (Shell Oil) कम्पनी र अर्को सबैभन्दा धेरै प्रदुषक तेल कम्पनी ग्याजप्रोम (Gazprom) को आर्थिक सहयोगमा इन्डोनेसियाको मध्य कालिमान्तान (Central Kalimantan) मा Rimba Raya रेड परियोजन कार्यान्वयन भइरहेको छ । इन्डोनेसियाको सो परियोजना लगायत र मलेसियामा पनि कार्यान्वयन भइरहेका परियोजनाहरुमा ठूलो क्षेत्रमा वन मासी जैविक इन्धन उत्पादनको लागि palm oil (plantation) खेती गरिएको छ । त्यस क्रममा इन्डोनेसिया र मलेसियामा ठूलो संख्यामा आदिवासी तथा अन्य वनमा आश्रित समुदाय विस्थापित भएका छन् । यसरी जैविक विविधता तथा समुदायका जिविको मास्ने बहुराष्ट्रिय संस्थानहरुले रेडप्लस अवधारणाको प्रयोग गरेर तिनले गरेको प्रदुषणको तिरो तिर्ने नाममा दोहोरो फाइदा लिने गरेका छन् भने दोहोरो मारमा निमुखा आदिवासी लगायतका वनमा आश्रित समुदाय पर्ने गरेका छन् ।

रेडप्लस अवधारणा अन्तर्गत विकासशील देशहरुले विदेशी लगानी आकर्षित गर्न निजी वा बहुराष्ट्रिय कम्पनीहरुलाई ठूलो परिमाणमा भूमि अधिग्रहण (massive land consessions) को करार गर्ने र त्यसबाट विभिन्न मानव अधिकार उल्लंघन हुने वा जैविक विविधता मासिने लगायतका असरहरु पर्ने संयुक्त राष्ट्रसंघीय अध्ययनहरुमा पहिल नै अनुमान गरिएको थियो र त्यस्ता असरहरु अहिले देखिन थाली नै सकेका छन् । यी यस्ता असरहरुका बावजुद ती असरहरुको सम्बोधन गर्न प्रभावकारी व्यवस्था नभए तापनि नेपाललगायत विकासशील देशहरुमा रेडप्लस तर्जुमा र कार्यान्वयन द्रुतगतिमा बढिरहेको छ ।

४. बहुपक्षीय र द्विपक्षीय अन्तर्राष्ट्रिय सहयोगमा रेडप्लस तयारी प्रक्रिया (REDD+ Readiness Process) मा रहेका विभिन्न देशहरुमध्ये नेपाल पनि एक हो । नेपाल सरकारले मिति २०७०/१०/२३ मा नेपालको लागि राष्ट्रिय रेडप्लस रणनीति (National REDD Plus Strategy for Nepal) को मस्यौदा सार्वजनिक गरेर सुझाव संकलन गरिरहेको छ । प्रकरण नं ३ मा उल्लेख गरिएका असर (in line with) अनुरुप मन्त्रालयको वेवसाइटमा उपलब्ध रेडप्लस रणनीति प्रतिवेदनमा समेत रेडप्लस कार्यान्वयनका जोखिमहरुमा आदिवासी जनजाति तथा वनमा आश्रित समुदाय अन्तर्राष्ट्रिय बजारमा आधारित कार्वन व्यापारबाट प्रभावित हुने र ती समुदायको भूमि बलपूर्वक अधिग्रहण भई ती समुदाय जवर्जस्ती विस्थापित हुनुपर्ने तथा अन्य मानव अधिकार उल्लंघन हुने र जैविक विविधतामा ह्रास आउन सक्ने लगायतका महत्वपूर्ण वातावरणीय तथा सामाजिक जोखिमहरुको पहिचान गरिएको छ । सो प्रतिवेदनमा नेपालमा रेडप्लस कार्यान्वयनको लागि वन तथा भूमिमाथिको स्वामित्व,

नियन्त्रण तथा व्यवस्थापनमा आदिवासी जनजाति लगायत वनमा आश्रित समुदायका अधिकार (customary rights) मा अस्पष्टता रहेको लगायतका चुनौतीहरुको पनि पहिचान गरिएको छ ।

नेपालमा रेडप्लस सम्बन्धी निम्न प्रकारको संरचना रहेको छ ।

१. सर्वोच्च निकाय (Apex Body): यो वन तथा भूसंरक्षण मन्त्रालयको अध्यक्षतामा रहेको अन्तर मन्त्रालय सरकारी समिति, नीति निर्माणको गर्ने प्रमुख निकाय हो ।

२. रेडप्लस कार्य समूह (REDD+ Working Group): वन तथा भूसंरक्षण मन्त्रालयबाट छानिएका १२ व्यक्ति – ९ जना सरकारी निकायहरुबाट, १ जना दातृ निकायबाट र २ जना नागरिक समाजबाट यस समूहमा रहेका छन् ।

३. रेड कार्यान्वयन केन्द्र REDD Implementation Center (REDD-IC): वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गतको प्रशासनिक निकाय, केन्द्रले राष्ट्रिय तथा स्थानीय तहहरुमा रेड व्यवस्थापन, परामर्श तथा अनुसन्धानका कार्यहरुको संयोजन तथा कार्यन्वयन गर्दछ ।

सन् २०१० मा ल्याइएको नेपालको रेडप्लस तयारी प्रस्ताव (REDD+ Readiness Preparation Proposal) ले नेपालमा रेडको पारदर्शी, समावेशी, जवाफदेही, समतामूलक र पर्यावरणीयरुपमा दिगो कार्यान्वयनको प्रबर्द्धन गर्न बहु-सरोकारवालासँगको परामर्श (multi-stakeholder consultation) महत्वपूर्ण हुने स्पष्ट पहिचान गरेको छ । जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि United Nation's Framework Convention on Climate Change (UNFCCC) ले सन्धिका पक्षहरुले आदिवासी जनजाति, महिला तथा गैरसरकारी संस्थालगायतका विविध सरोकारवालाको सहभागितालाई प्रोत्साहन गर्न शिक्षा, तालिम तथा जनचेतना प्रबर्द्धन गर्नुपर्दछ भन्ने निश्चित गरेको छ । यद्यपि, रेडप्लस तयारी प्रक्रियाका multi-stakeholder consultation बैठकहरु प्रभावकारी नभएको विभिन्न अध्ययन अनुसन्धानले प्रस्ट्याएको छ । रेडप्लसको योजना निर्माण संरचनामा सरकारी हित र अन्तर्राष्ट्रिय दाताका मापदण्डलाई प्रतिनिधित्व गर्ने प्राविधिक कर्मचारी संयन्त्र (techno-bureaucratic) केन्द्रिकृत (top-down) अभ्यास हावी भएको देखिएको छ । आदिवासी जनजातिलगायतका सिमान्तीकृत समुदाय र गैरसरकारी सरोकारवालाहरुको नीतिनिर्माण प्रक्रियामा अर्थपूर्ण सहभागिता (meaningful participation) गराइएको छैन । नीति निर्माण कार्यको धेरै हिस्सा बाह्य विज्ञको जिम्मामा छोडिएको छ ।

उदाहरणको लागि, रेडप्लस रणनीतिमाथि परामर्शको लागि आयोजित ३ राष्ट्रिय, ५ क्षेत्रीय र १४ वटा स्थानीय कार्यशालामध्ये एक स्वतन्त्र प्रतिवेदनमा उपलब्ध तथ्यांक अनुसार ती परामर्शमा सरकारी प्रतिनिधि अत्यधिक रहेको तर सामुदायिक वन उपभोक्ताका प्रतिनिधि न्यून र आदिवासी जनजातिका प्रतिनिधिको सहभागिता अत्यन्त न्यून रहेको प्रस्ट देखिन्छ । जबकि UNFCCC अन्तर्गत रेडप्लस सम्बन्धी निर्णयहरुमा आदिवासी जनजातिको स्वतन्त्र अग्रिम र सुसूचित सहमति (Free, Prior and Informed Consent FPIC) को अधिकार अनुरुपको मापदण्ड परिपूर्ति गरिनुपर्ने

व्यवस्था गरिएको छ ।

५. हालसम्म रेडप्लस कार्यान्वयनको पूर्वतयारीका लागि नेपाल सरकारले सन् २०१० मा रेडप्लस तयारी प्रस्ताव (REDD+ Readiness Preparation Proposal) स्वीकृत गराई आवश्यक रकमको ४५ प्रतिशत वन कार्वन साझेदारी सहुलियत (Forest Carbon Partnership Facility) कार्यक्रमबाट र अन्य संस्थाहरुबाट करीव ५१ प्रतिशत गरी करीव २० लाख अमेरिकी डलर सहयोग प्राप्त गरिसकेको छ । सो रकमबाट अनुगमन, अभिलेखीकरण र प्रमाणीकरण तथा अध्ययन एवं अनुसन्धानका साथै क्षमता अभिबृद्धि गर्न तालिम, क्षेत्रीय गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमहरु भएको भनिएको छ । ती कार्यक्रमहरुमा पनि प्रकरण नं ४ मा उल्लेख भएअनुसार रेडप्लस रणनीतिमाथिका परामर्श कार्यशालाहरुमा जस्तै आदिवासी जनजातिको सहभागिता न्यून रहेको थियो ।

यसको साथै रेड नमुना परिक्षण सम्बन्धी वन कार्वन कोष (Forest Carbon Trust Fund) को प्रथम (first-ever pilot) परियोजना अन्तर्गत सन् २०११ मा International Centre for Integrated Mountain Development (ICIMOD) द्वारा आयोजित एक कार्यक्रममा दोलखा, गोरखा र चितवन जिल्लाका सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिहरुलाई जम्मा ९५,००० अमेरिकी डलर अनुदान प्रदान गरिएको छ । ICIMOD र त्यसका साझेदार संस्थाहरु सामुदायिक वन उपभोक्ता महासंघ (FECOFUN) र Asia Network for Sustainable Agriculture and Bio resources (ANSAB) ले यो परियोजना कार्यान्वयन गरिरहेका छन् । FECOFUN र ANSAB दुवै आदिवासी समुदायका संस्था होइनन् । सामुदायिक वन उपभोक्ता समूहमा अधिकांश उपभोक्ता आदिवासी जनजाति भए तापनि निर्णायक तह अर्थात् उपभोक्ता समितिमा आदिवासी जनजातिको प्रतिनिधित्व न्यून रहेको हुनाले उपभोक्ता समूहलाई प्रदान गरिने अनुदानको लाभ आदिवासी जनजातिले समानुपातिकरुपमा प्राप्त गर्न नसक्ने स्पष्ट हुन्छ ।

६. अतः प्रकरण ३ मा उल्लेख भएअनुसार रेडप्लस अवधारणाको कार्यान्वयनबाट नेपालका वनजंगल, भूमि लगायतका श्रोतसाधन अन्तर्राष्ट्रिय बजारमा आधारित कार्वन व्यापारको लागि उपलब्ध गराइँदा राष्ट्र र जनताका यी सम्पत्ति विश्व बैंकजस्ता अन्तर्राष्ट्रिय संस्था तथा बहुराष्ट्रिय र निजी कम्पनीको नियन्त्रण र अधीनमा जाने प्रबल सम्भावना छ । यसबाट नेपालको अन्तरिम संविधान २०६३ अनुसार नेपाली जनतामा निहित सार्वभौमसत्तामा नै प्रश्न चिन्ह खडा हुन सक्दछ ।

यसको साथै प्रकरण ४ र ५ मा उल्लेख गरिए अनुसार रेडप्लसको अवधारणा र यससम्बन्धी राष्ट्रिय रणनीति तर्जुमा गर्ने सहितको तयारी प्रक्रियामा नेपालको अन्तरिम संविधान २०६३ बाट प्रदत्त मौलिक हक र नेपालका प्रचलित कानुन उल्लंघन भएका छन् । संविधानको धारा २१ मा सामाजिक न्यायको हक अन्तर्गत आदिवासी जनजाति, दलित, महिलालगायतका समुदायलाई राज्यको संरचनामा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने अधिकार सुनिश्चित

गरिएको छ । साथै धारा १३ को समानताको हक अन्तर्गत महिला, दलित, आदिवासी जनजातिलगायतका समुदायको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने प्रावधान रहेको छ । स्थानीय स्वायत्त शासन ऐन २०५५ मा आफ्नो क्षेत्रको विकासको लागी साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा आदिवासी जनजाति, दलितसमेतका समग्र जनताको सहभागीता अभिबृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने भनिएको छ । यी संवैधानिक तथा कानुनी व्यवस्था विपरित रेडप्लस तयारी प्रक्रिया भइरहेको हुँदा प्रक्रिया सुरुदेखि नै बदरभागी छ ।

संविधानको धारा १२ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने र धारा १७ मा प्रत्येक समुदायलाई आफ्नो संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदा संरक्षण र सम्बर्द्धन गर्ने हक सुनिश्चित गरिएको छ । आदिवासी जनजाति भूमि, वनजंगल र प्राकृतिक श्रोतसाधनसँग अन्योन्याश्रित तथा आध्यात्मिक सम्बन्ध भएको समुदाय हो । आदिवासी जनजातिका संस्कृति तथा सभ्यता पनि भूमि, वन तथा प्राकृतिक श्रोतसाधनमा नै अन्तरसम्बन्धित हुन्छन् । रेडप्स अवधारणाको कार्यान्वयबाट आदिवासी जनजाति लगायतका वन आश्रित समुदायलाई वनजंगलमा पहुँच र नियन्त्रणबाट वञ्चित गर्न सक्ने हुँदा तिनको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको हनन हुन प्राय निश्चित छ ।

संविधान को धारा १६ को वातावरण तथा स्वास्थ्यसम्बन्धी हक तथा वातावरण संरक्षण ऐन, २०५३ मा जनताको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिएको छ । रेडप्लस अवधारणाअन्तर्गत हालका वनजंगल मासी जैविक इन्धन उत्पादन गर्ने palm oil जस्ता निर्यातजन्य बाली खेती गर्ने परियोजना कार्यान्वयन हुन सक्ने हुँदा जैविक विविधतामा ह्रास आउने सम्भावना प्रबल रहेको हुनाले वातावरण सम्बन्धी हक पनि उल्लंघन हुने देखिन्छ ।

उपरोक्त संवैधानिक तथा कानुनी व्यवस्थाको साथै रेडप्लस सम्बन्धित प्रक्रिया नेपाल पक्ष राष्ट्र रहेको अन्तर्राष्ट्रिय श्रम संगठनको आदिवासी जनजाति सम्बन्धी महासन्धि नं. १६९ (ILO C169), आदिवासी जनजातिको अधिकारसम्बन्धी संयक्तु राष्टसंघीय घोषणापत्र (UNDRIP), जैविक विविधता सम्वन्धी महासन्धि (CBD) तथा UNFCCC लगायतका अन्तराष्ट्रिय सन्धि तथा कानुनी दस्तावेजहरु पनि अनादर गरिएको छ । नेपाल सन्धि ऐन, २०४८ को दफा ९(१) मा नेपाल सरकार पक्ष राष्ट्र पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागी बाझिएको हदसम्म प्रचलीत कानून अमान्य हुने र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुन सरह लागू हुने व्यवस्था गरिएको छ । साथै सो ऐनको धारा ९(२) अनुसार नेपाल सरकार पक्ष भएको कुनै सन्धिबाट नेपाल वा नेपाल सरकार उपर कुनै थप दायित्व वा भार पार्न जाने र त्यसको कार्यान्वयनको लागि कानुनी व्यवस्था गर्नु पर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वयनको लागि नेपाल सरकारले यथासम्भव चाँडो कानून बनाउने कारवाही चलाउनु पर्दछ ।

साथै, ILO C169 (धारा १३, १४, १५, १६ र १७) तथा UNDRIP (धारा २६ र २७) मा आदिवासी जनजातिका भूमि, भूभाग र प्राकृतिक श्रोतसाधनमाथिको अधिकार सुनिश्चित गरिएको छ । रेडप्लसको अवधारणा कार्यान्वयन गर्दा आदिवासी जनजाति सो अधिकारबाट वञ्चित हुने देखिन्छ । नेपालको भूमि सम्बन्धी ऐन, २०२१ र वन ऐन, २०४९ त्यस्तो अधिकारलाई आत्मसात गर्न सकेको छैन । तिनै कानुनमा आधारित भई राष्ट्रिय रेडप्लस रणनीति तर्जुमा गर्ने सहितको नेपालको रेडप्लस तयारी प्रक्रिया अघि बढिरहेको छ । अतः मानव अधिकार सम्बन्धी नेपालको अन्तर्राष्ट्रिय दायित्व अनुरुप नभएको हुँदा ती ऐन कानुनको परिमार्जन गर्न आवश्यक छ र रेडप्लस सम्बन्धी हालको प्रक्रिया खारेजभागी छ ।

UNDRIP (धारा १९) मा आदिवासी जनजातिलाई असर गर्न सक्ने कानुनी वा प्रशासनिक उपायहरु अवलम्बन तथा कार्यान्वयन गर्नुपूर्व आदिवासी जनजातिको स्वतन्त्र, पूर्व र सुसूचित मञ्जुरी प्राप्त गर्न तिनको प्रतिनिधिमूलक संस्थामार्फत् असल नियतले परामर्श र सहकार्य गर्नुपर्ने राज्यको दायित्व हुने व्यवस्था गरिएको छ । UNFCCC अन्तर्गत कानकुन सहमति (Cancun Agreements) वा कोप १६ (COP16) मा भएको रेडप्लसमा वातावरणीय र सामाजिक सुरक्षा नीति (Safeguard Policy) मा पनि संयुक्त राष्ट्रसंघको महासभाले UNDRIP अनुमोदन गरिसकेको अवस्थामा आदिवासी जनजातिका अधिकारको पालना गर्नुपर्ने निर्देश गरेको हुँदा रेडप्लस प्रक्रियामा आदिवासी जनजातिका भूमि, भूभाग र प्राकृतिक श्रोतसाधन तथा स्वतन्त्र, पूर्व र सुसूचित मञ्जुरीको अधिकारको सम्मान र परिपालन गर्नु नेपालको दायित्व हुन्छ ।

७. नजीरहरुः

क) यसै सम्बन्धमा सम्मानित सर्वोच्च अदालत, संयुक्त इजलासबाट अधिवक्ता शंकर लिम्बुसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको उत्प्रेषणयुक्त परमादेश । ( रिट नं.०६५-WO-०४७५, आदेश मितिः २०७०।१।८।१)

८. मागदावीहरुः

क) राष्ट्र र जनताको सम्पत्तिको रुपमा रहेको वनजंगल, भूमि लगायतका श्रोतसाधनलाई अन्तर्राष्ट्रिय तथा बहुराष्ट्रिय र निजी नियन्त्रण र अधीनमा लगी नेपाली जनतामा निहित सार्वभौमसत्तामाथि अतिकमण हुने गरी र आदिवासी जनजाति तथा वन आश्रित समुदायको मानव अधिकार उल्लंघन हुने र समग्र मानव जीवन जगतमा नकारात्मक असर पार्ने प्रबल सम्भावना बोकेको रेडप्लसको प्रकृया उत्प्रेषणको आदेशद्वारा बदर गरी पाऊँ ।

ख) नेपालमा रेडप्लस सम्बन्धी प्रक्रिया अघि बढाइने हो भने रेडप्लस सम्बन्धी संरचनामा संविधान प्रदत्त समानुपातिक समावेशी सिद्धान्तको आधारमा आदिवासी जनजाति, दलित, महिलालगायतका समुदायको अर्थपूर्ण सहभागितको सुनिश्चितता गर्न प्रत्यर्थीहरुको नाममा जो चाहिने उपयुक्त आज्ञा आदेश वा पूर्जी जारी गरी पाऊँ ।

ग) रेडप्लस सम्वन्धी नीति तथा रणनीतिहरु बनाउँदा तथा सम्पूर्ण प्रक्रियाको क्रममा नेपाल सरकारले अनमुादेन गरेको अन्तर्राष्ट्रिय श्रम संगठनको आदिवासी जनजाति सम्बन्धी महासन्धि नं. १६९ (ILO C 169), सरकारले हस्ताक्षर गरेको आदिवासी जनजातिको अधिकारसम्बन्धी संयक्तु राष्टसंघीय घोषणापत्र (UNDRIP)जैविक विविधता सम्वन्धी महासन्धि (CBD), UNFCCC कानकुन (कोप १६) मा भएको रेडप्लसमा वातावरणीय र सामाजिक सुरक्षा नीति (Safeguard Policy) सम्बन्धी सम्झौताको पालना गर्दै आदिवासी जनजाति सम्बन्धी सन्धि, महासन्धि, अभिसन्धिहरुले व्यवस्था गरेको अधिकार कार्यान्वयन गर्न निर्देशनात्मक आदेश जारी गरी पाऊँ ।

घ) रेडप्लस रणनीति तर्जुमा गर्ने लगायतका सम्बन्धित प्रक्रिया नेपालको भूमि सम्बन्धी ऐन, २०२१ र वन ऐन, २०४९ मा आधारित रहेको हुनाले यी कानूनको लागि नेपाल पक्ष राष्ट्र रहेको आदिवासी जनजातिका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनी दस्तावेज अनुरुप बृहद् छाता ऐन बनाउन परमादेश लगायतको जो चाहिने आज्ञा आदेश जारी गरी पाऊँ ।

ङ) रेडप्लसका कुनै पनि तयारी वा कार्यान्वयन गतिविधिहरुमा आदिवासी जनजातिको स्वतन्त्र, अगिम्र सुसूचित सहमति (FPIC) को अधिकारको परिपालन गर्न गराउन आदिवासी जनजाति महिला, युवा लगायतको समानुपातिक समावेशी सहभागिता सुनिश्चितता सहित आवश्यक कानुनी व्यवस्था गरी छुट्टै उच्चस्तरिय संयन्त्र गठन गर्न प्रत्यर्थीहरुको नाममा परमादेश जारी गरी पाऊँ ।

च) प्रस्तुत निवेदन पत्रको अन्तिम टुंगो नलाग्दासम्म राष्ट्र र जनताको सम्पतिको रुपमा रहेको वनजंगल, भूमि लगायतका श्रोतसाधनलाई अन्तराष्ट्रिय तथा बहुराष्ट्रिय र निजी नियन्त्रण र अधिनमा लगी आदीवासी जनजाति तथा वन आश्रित समुदायको मानव अधिकार उल्लंघन हने र समग्र मानव जीवन जगतमा नकारात्मक असर पार्ने प्रवल सम्भावना बोकेको रेडप्लसको अवधारणा नेपालमा कार्यान्वयन नगर्न नगराउन प्रत्यर्थीहरुको नममा सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४१(१) अनुसार अन्तरिम आदेश जारी गरी पाऊँ ।

९. प्रस्तुत रीट निवेदनको विषय जनभावनासँग जोडिएको सार्वजनिक सरोकारको गम्भीर विषय भएकाले प्रस्तुत निवेदनलाई अग्राधिकारको प्राथमिकतामा राखी रिट निवेदनको सुनवाई गरी पाऊँ ।

१०. यो निवेदन पत्र दर्ता गर्न कानुन व्यवसायी मुकरर गरेको छैन । पछि नियुक्त हुने कानुन व्यवसायीको बहस बुँदालाई समेत यसै निवेदन पत्रको अभिन्न अंगको रुपमा ग्रहण गरी पाऊँ ।

११. <u>संलग्न कागजातहरु:</u>
(क) निवेदकको परिचयपत्रको प्रतिलिपि

(ख) संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि

(ग) संस्थाको माइन्युट

(घ) Nepal's REDD+ Readiness Preparation and Multi-Stakeholder Consultation Challenges विषयक Rishi R Bastakoti र Conny Davidsen को अध्ययन प्रतिवेदन, http://www.redd-monitor.org/2015/07/02/power-consultation-and-redd-in-nepal/

(ङ) जलवायु परिवर्तन र रेडका सम्बन्धमा नेपाल आदिवासी जनजाति महासंघको अवधारणा पत्र

यसमा लेखिएको व्यहोरा ठीक साँचो हो । झूठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

**निवेदक**

निज वारेश
रिता शेर्पा

इति सम्बत् २०७२ साल भदौ गते रोज शुभम्...................................